शिवनाथ गाउँपालिका
SHIVANATH MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
शिवनाथ, बैतडी
Shivanath, Baitadi
Sudurpashchim Province, Nepal
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या (Ref. No) :- २०७९/०८०
चलानी नं. (Dispatch No).:-

मिति २०८०/०३/२०

## सूचना । सूचना ॥ सूचना ॥।

उपरोक्त बिषय सम्बन्धमा यस शिबनाथ गाउँपालिकाका बस्तीहरुमा गाई गोरु तथा भैंसीहरुमा लम्फी स्कीन डिजिज रोग एकदमै माहामारीका रुपमा फैलिरहेकोले पशुपालक कृषकहरुले तपशील अनुसार रोगको उपचार नियन्त्रण र रोकथामका उपायहरु अपनाउनु जानकारी गराईन्छ ।

**तपसिल**

- यस पशु सेवा शाखाबाट ज्वरो तथा घाउहरु सुकाउने औषधी उपचार सेवा उपलब्धगराइने छ ।
- घाउमा मलहम,लगायत अन्य उपचार सेवा उपलब्ध गराइने ।
- पशुहरुको रोगसगँको रोग प्रतिरोधात्मक क्षमता बढाउने किसिमका औषधीहरु
- क्यालसियम भिटामिन मिनिरल पाउडर लगायत उपचार सेवा उपलब्ध गराइने ।

नोटः-थप जानकारीको लागि पशु सेवा शाखामा सम्पर्क गर्नहुन फोन नं.९८४८७३५३९९

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः-
श्री सूचना प्रविधि अधिकृत, शिवनाथ गाउँपालिकाको वेवसाईटमा अपलोड गरिदिनुहुन ।

शिवनाथ गाउँपालिका
SHIVANATH MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
शिवनाथ, बैतडी
Shivanath, Baitadi
Sudurpashchim Province, Nepal
सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या (Ref. No) :- २०७९/०८०
चलानी नं. (Dispatch No).:-

# लम्पी स्किन रोग सङ्क्रमित पशुहरुको उपचारको लागि प्रयोग गर्न सकिने उपचार विधि

लम्पी स्किन रोग गाई/गोरु/राँगा/भैंसीमा क्याप्रीपक्स भाइरस अन्तर्गतको लम्पी स्किन डिजिज भाइरसका कारण लाग्ने रोग हो । यो रोग सामान्यतया टोक्ने वा रगत चुस्ने झिंगा (डाँस), लामखुट्टे, किर्ना, भुसुना जस्ता किराहरको टोकाइ, सङ्क्रमित पशु एक स्थानबाट अन्यत्र लैजाँदा वा सङ्क्रमित पशुको सम्पर्कमा आएका अन्य पशुमा सजिलै सरी छोटो समयमा धैरै स्थानमा फैलिन सक्ने प्रकृतिको भएकोले यस रोगको शीघ्र पहिचान तथा नियन्त्रण गर्न आवश्यक छ । हाल शिवनाथ गाउँपालिकाका अधिकांश ठाउँहरुमा यो रोग देखा परेको सन्दर्भमा फिल्डस्तरमा कार्यरत प्राविधिकहरुले सङ्क्रमित पशुहरुको उपचारको लागि निम्नानुसारको उपचार विधिको प्रयोग गर्न सकिने जानकारी गराईन्छ ।

रोग देखिएका पशुलाई गरिने उपचार विधिः

क) रोगी पशुलाई निरोगी पशुबाट छुट्टाई अलग्गै राख्ने ।

ख) रोगी पशुलाई प्रशस्त मात्रामा पानी, कुँडो वा नरम घाँस, झोलिलो पदार्थ, सख्खर/गुँड पानी, इलोक्ट्रोलाइट खुवाउने ।

ग) ज्वरो आएको पशुलाई आराम गराउने, जोत्ने, गाडा तान्ने काममा नलगाउने ।

घ) रोगको लक्षणका आधारमा देहाय अनुसारको उपचार गर्ने ।

१. ज्वरो घटाउनका लागिः-

- बजारमा उपलब्ध हुने पारासिटामोल 1500 mg र मेलोक्सिकेम 100 mg भएको बोलस वा इन्जेक्सनः ठूला पशुलाईः २ बोलस हरेक ८ घण्टाको फरकमा खुवाउने वा 1ml/10 kg body weight अनुसार सुई लगाउने । पाडापाडी/बाच्छाबाच्छीः १ बोलस हरेक ८ घण्टाको फरकमा मुखबाट खुवाउने वा 1 ml/10 kg body weight अनुसार सुई लगाउने ।
- ८ घण्टाको फरकमा औंषधि दिँदा ज्वरो कम नभएमा ४ देखि ६ घण्टाको फरकमा पुनः प्रयोग गर्ने ।
- शरीरमा चिसो पानीमा भिजाइएको कपडा, बोरा प्रयोग गरी पानी पट्टी लगाउने ।

२. गाँठा/गुठी/गिर्खा र चिलाउने कम गर्नका लागिः-

- Chlorpheniramine maleate वा Pheniramine maleate: ठूला पशुलाईः 10-15 ml २४ घण्टाको फरकमा सुई लगाउने र पाडापाडी/ बाच्छाबाच्छीः 3-5 ml २४ घण्टाको फरकमा सुई लगाउने

३. दाना पानी खान नसकेका र अत्यन्तै कमजोर २० % रिन्टोज/डेकस्ट्रोज सलाईन दिनेः-

४. उच्च ज्वरो नभएको अवस्थामा Ivermectin 1%-1ml/50kg bodyweight अनुसार १ सुईबाट प्रयोग गर्ने ।

शिवनाथ गाउँपालिका
SHIVANATH MUNICIPALITY
# गाउँ कार्यपालिकाको कार्यालय
**Office of the Rural Municipal Executive**
शिवनाथ, बैतडी
**Shivanath, Baitadi**

शिवनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय शिवनाथ, बैतडी सुदूरपश्चिम प्रदेश, नेपाल २०७३

पत्र संख्या (Ref. No) :- २०७९/०८०
चलानी नं. (Dispatch No).:-

Sudurpashchim Province, Nepal
सुदूरपश्चिम प्रदेश, नेपाल

५. फुटेको तथा आलो घाउ सफा गरी एन्टिसेप्टिक र झिँगा नबस्ने (Fly Repellant) मलहम वा स्प्रे प्रयोग गर्ने ।

६. भिटामिन ई र सेलेनियम मिसिएको बोलस खुवाउने वा सुई लगाउने ।

७. छाला, फोक्सो, पाचन प्रणाली सङ्क्रमण भएमा ।

८. गर्भिणी वा दुध दिने बाहेकका पशुमा:-

- Oxytetracycline plain 1ml/5kg bodyweight दिनको २ पठक ३ देखि ५ सुई लगाउने वा
- Oxytetracycline Long Acting 1ml/10kg bodyweight ७२ घण्टाको फरकमा दुई पटक सुई लगाउने वा
- Tetracycline Bolus 500 mgm ठूला पशुलाई:- २ बोलस दिनको २ पटक खुवाउने पाडापाडी/ बाच्छाबाच्छी: १ बोलस दिनको २ पटक खुवाउने

९. गर्भिणी वा दुध दिने पशुमा:-

- Procaine Penicillin 1ml/20kg bodyweight दिनको २ पटक ३ देखि ५ दिनसम्म सुई लगाउने वा
- Procaine Penicillin Long Acting 1ml/20kg bodyweight ४८ घण्टाको फरकमा दुई पटक सुई लगाउने

**सङ्क्रमण रोकथामका उपायहरु:**

1. सङ्क्रमित क्षेत्र भन्दा बाहिरका स्वास्थ ३ महिनाभन्दा बढी उमेर समूहका पशुलाई उत्पादकले तोकेको मात्रामा लम्पी स्किन विरुद्ध वर्षेनि खोप लगाउने ।
2. गर्भिणी सङ्क्रमित पशुबाट जन्मेका बाच्छाबाच्छी/पाडापाडीलाई ४ महिनामछि खोप लगाउने ।
3. सङ्क्रमितबाट निको भएका पशुलाई १ वर्ष पछाडी मात्र खोप लगाउने ।
4. गोठमा झिँगा, लामखुट्टे, भुसुना लाग्न नदिन गोठ वरिपरि धुँवा लगाउने ।
5. गोठमा अनावश्यक व्यक्तिलाई आवतजावत गर्न नदिने, रोगी पशुलाई सामुहिक चरन/खर्क आहालमा नलैजाने ।
6. सङ्क्रमित क्षेत्रबाट पशुको ओसारपसार नगर्ने/नगरनउने ।
7. सङ्क्रमित साँढे वा राँगो रोग निको नभएसम्म प्रजननको लागि प्रयोग नगर्ने/नगराउने ।
8. गोठखोर सफा राखी नियमित फिनेल पानी छर्किने ।
9. नयाँ पशु गोठमा भित्राउँदा बथानमा नमिसाई कम्तिमा २८ दिन अलग्गै राखे ।
10. मरेका पशु र लसपस भएको सोत्तरलाई गहिरो खाडलमा पुर्ने ।

नोट:- थप जानकारीको लागि पशु सेवा शाखा फोन नं. ९८४८७३५३९९ शाखा प्रमुख प्रकाश सिह साउद

नरेन्द्र सिंह महता
प्रमुख प्रशासकीय अधिकृत